# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ६ मितिः २०८१/१२/०९

भाग — २

## देवघाट गाउँपालिकाको गाई/भैंसीको गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको गाई/भैंसीको गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।१२।०९

प्रमाणीकरण र प्रकाशन मिति: २०८१।१२।०९

**पृष्ठभूमिः**

देवघाट गाउँपालिका भौगोलिक भु-बनोट अनुसार अति विकट र यहाँका वासिन्दाहरु कृषि पेशा भन्दा अन्य पेशाको विकल्प नरहेकोले कृषि पेशा अन्तर्गत गाई/भैंसी, भेडा/बाखा, बंगुर/सुंगुर पालन गरी जीवन निर्वाह गर्नुपर्ने र यस निर्वाहमुखी जीविकोपार्जन पशुपालनलाई व्यवसायीकरण गरी बढि उत्पादनशील र दीगो व्यवसायमा आत्मनिर्भर बनाउनुको विकल्प छैन । पशुपालनको क्रममा पशुहरुबाट निस्केका मलमूत्रलाई व्यवस्थित गर्नु र गाई/भैसीको गोठ सुधार गर्नु पशुपालकको एक महत्वपूर्ण पाटो हो । तसर्थ गाउँपालिका भित्र गाई/भैसी, भेडा/बाखा, बंगुर/सुंगुर पालन गरिरहेका निम्न वर्गका कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरणका साथै प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्न गाउँपालिकाबाट नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम देवघाट गाउँपालिकाको गाई/भैसीको गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८१ जारी गरिएको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"देवघाट गाउँपालिकाको गाई/भैंसीको गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि देवघाट गाउँपालिका भित्र मात्र लागू हुनेछ ।

## परिच्छेद दुई

## परिभाषा

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"गाउँपालिका"** भन्नाले देवघाट गाउँपालिकालाई जनाउँदछ ।

(ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ग) "**शाखा प्रमुख**" भन्नाले देवघाट गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाको प्रमुख सम्झनु पर्दछ ।

(घ) "**गाउँकार्यपालिका**" भन्नाले देवघाट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "**समिति**" भन्नाले दफा ४ बमोजिमको छनौट समिति सम्झनु पर्दछ ।

(च) "**कृषक**" भन्नाले गाई/भैसी, भेडा/बाखा, बंगुर/सुंगुर पालनमा संलग्न व्यक्तिलाई जनाउँदछ ।

(छ) **"पशु"** भन्नाले गाई/भैसी, भेडा/बाखा, बंगुर/सुंगुरलाई जनाउँदछ ।

(ज) **"गोठ"** भन्नाले गाई/भैंसी, भेडा/बाखा, बंगुर/सुंगुरको शीत, ताप, हावाहुरी, असिना, पानीबाट सुरक्षित हुनुको साथै जंगली जनवारबाट भयरहित आरामदायी वासस्थानलाई सम्झनु पर्दछ ।

## परिच्छेद तीन

## उद्देश्यहरु

३. **उद्देश्यहरुः** (१) कृषकहरुले पालन गरेको गाई/भैसी, भेडा/बाखा, बंगुर/सुंगुरको लागि व्यवस्थित गोठ निर्माण गरी रोगहरुको न्यूनीकरण, उत्पादन लागत कम र उत्पादन बृद्धि गर्नु ।

(२) मलमुत्रको सदुपयोग गरी प्राङ्गारिक मल उत्पादनमा टेवा पुर्याउनु ।

(३) दीगो कृषि र प्राङ्गारिक खेतीमा जोड दिई रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्नु ।

(४) कृषि क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशीलताको प्रवर्द्धन गर्नु ।

(५) जीवन निर्वाहका लागि परम्परागत रुपमा गरिदै आएको कृषि प्रणालीलाई दिगो र व्यवसायी बनाउन सहयोग गर्नु ।

## परिच्छेद चार

## छनौट प्रक्रिया

४. **छनौट समितिः** छनौट समिति देहाय बमोजिमको हुनेछ ।

| | | |
|---|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक | १ जना |
| (ख) योजना शाखा प्रमुख | सदस्य | १ जना |
| (ग) प्राविधिक शाखा प्रमुख | सदस्य | १ जना |
| (घ) सम्बन्धित विषयगत समिति संयोजक | सदस्य | १ जना |
| (ङ)पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख | सदस्य सचिव | १ जना |

**५.** **<u>छनौट समितिको</u>:** छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने ।

(ख) लाभग्राहीको छनौट गर्ने ।

(ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनको चरणमा लैजाने ।

(घ) समिति बैठक सम्बन्धी प्राबधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६.** **<u>छनौट प्रकृया</u>**: (१) रितपूर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

(२) समितिमा प्राप्त निवेदन उपर छलफल गरी समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ ।

## परिच्छेद पाँच

## <u>कार्यक्रम संचालन</u>

**७.** **<u>संचालन विधि</u>**: गाई/भैंसीको गोठ सुधार कार्यक्रम संचालन विधि देहाय बमोजिम हुनेछः

(क) आवेदन पेश गर्नका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(ख) आवेदकले अनुसूची-१ बमोजिम निवेदन र कागजातहरू संलग्न गरी अनुसूची-२ बमोजिम प्रस्तावपत्र पेश गर्नुपर्नेछ ।

(ग) स्थलगत अनुगमन, मूल्यांकन तथा सम्बन्धित प्राविधिकले अनुसूची-३ बमोजिम भेरिफिकेशन चेकलिष्ट बमोजिम पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुसूची-४ बमोजिम अनुदानग्राही छनौट गर्नेछ ।

(घ) छनौट भएका कृषक, कृषि फर्म, कृषि समूह र सहकारीसँग अनुसूची-५ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(ङ) तोकेको समय अवधि भित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अर्को कृषकलाई कार्यक्रम प्रदान गरिनेछ ।

(च) सम्झौता भइसकेपछि छनौटमा परेका कृषकहरुले प्राविधिक अनुमान बमोजिम गोठको घेरावार, मर्मत तथा नयाँ निर्माण गर्ने, बस्ने ठाउँ ढलान गर्ने, मलमूत्र व्यवस्थापनका लागि बग्ने नाली तयार गर्ने तथा मलमूत्र जम्मा हुने ट्यांकी निर्माण गर्ने कार्य गर्नुपर्छ ।

(छ) गोठ सुधार कार्यक्रमको लागि गाउँपालिका कार्यालयबाट बढीमा ५०% का दरले हुन आउने रकम प्रति कृषकलाई अनुदान प्रदान गरिनेछ र कृषकले कम्तिमा ५०% बराबरको रकम साझेदारी/जनश्रमदान गर्नुपर्नेछ । अनुदान रकममा नियमानुसार कर कट्टी गरिनेछ ।

८. **<u>अनुदान रकम र भुक्तानी प्रक्रियाः</u>** (१) कार्यक्रम संचालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराइने छैन र अन्य आवश्यक श्रोत/साधन आवेदक आफैले व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(२) कार्य सम्पन्न भएपछि देहायका कागजातहरू संलग्न गरी गाउँ कार्यपालिकाको कार्यालयमा भुक्तानीको लागि पेश गरेपछि नियमानुसार अनुदान रकम एकमुष्ट भुक्तानी गरिनेछ ।

(क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि दिइएको सिफारिसको सक्कल प्रति ।

(ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सिफारिस प्रति ।

(ग) आवश्यक बिल भर्पाई ।

(घ) अनुदान कार्यक्रम संचालन भएको स्थानको फोटो ३ प्रति ।

(ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्य सम्पन्न भएको निर्णयको प्रतिलिपि ।

(च) कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदन ।

(छ) भुक्तानीको लागि निवेदन ।

९. <u>अनुगमनः</u> (१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय एंव पशुपन्छी तथा मत्स्य विकास शाखाले अनुगमन तथा मूल्यांकन गर्न सक्नेछ ।

१०. <u>भुक्तानी दिन बाध्य नहुनेः</u> (१) सम्झौता बमोजिम कार्य नगरेमा त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिने बाध्य हुने छैन ।

(२) सम्झौतामा उल्लेखित अवधि भित्रमा कार्य सम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुने छैन ।

## परिच्छेद छ

## विविध

११. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **संशोधनः** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

**अनुसूची – १**

**(दफा ७(ख) सँग सम्बन्धित)**

**अनुदान कार्यक्रम माग गर्ने पेश गर्ने निवेदनको ढाँचा**

**मिति:................**

श्रीमान् पशुपन्छी तथा मत्स्य विकास,शाखा प्रमुख ज्यू,
देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
देवघाट, तनहुँ।

**विषय:** गाई/भैसीको गोठ सुधार कार्यक्रममा सहभागी हुन पेश गरेको बारे।

प्रस्तुत विषयमा देवघाट गाउँपालिका, पशुपन्छी तथा मत्स्य विकासबाट मिति ....................मा प्रकाशित सूचना अनुसार **गाई/भैसीको गोठ सुधार** कार्यक्रम शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपसिलका कागजातहरू संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**संलग्न कागजातहरू:**

(१) अघिल्ला दुइ आर्थिक बर्षमा कुनै कार्यालय / संस्थाबाट अनुदान प्राप्त गरे वा नगरेको उल्लेख गरी अनुदान लिन उपयुक्त भएको स्वघोषणा पत्र
(२) आवेदकले आफैले संचालन गर्ने पशुपालन व्यवसायको वा गरिरहेको पशुपालन व्यवसायको विवरण पेश गर्ने
(३) पशुपालन व्यवसाय दर्ता भएको भए सोको नवीकरण सहितको प्रतिलिपि
(४) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (भएको भए)
(५) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्न लागि गरेको निर्णय प्रतिलिपि
(६) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धितो प्रमाणपत्रको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको भन्ने कागजातको प्रतिलिपि
(७) कार्यक्रम संचालन हुने आर्थिक बर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि
(८) भूमिहिन जग्गा नभएका व्यवसायीको हकमा वडा कार्यालयको सिफारिस पत्र
(९) सम्बन्धित विषयमा तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि
(१०) प्राविधिक लागत अनुमान।

**निवेदकको**
दस्तखत**:**
नाम, थर:
ठेगाना:
सम्पर्क नम्बर र छाप:

**अनुसूची – २**
**(दफा ७(ख) सँग सम्बन्धित)**
**प्रस्ताव-पत्र**

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्ह लगाउने) | १. कृषक समुह<br>२. सहकारी<br>३. दर्तावाला फर्म<br>४. कृषक (स्वरोजगार) |
| प्रोपाईटर वा अध्यक्षको नाम/सम्बन्धित कृषकको नाम | |
| संस्था दर्ता भएको मिति/पशुपालन व्यवसाय संचालन गरेको मिति | |
| स्थायी लेखा नं | |
| संस्थाको मुख्य उद्देश्य | |
| कार्यक्रम संचालन हुने स्थान | |

| | |
|---|---|
| अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भईरहेको भए कुन संस्थाबाट के उद्देश्यको लागि वित्तीय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस | |
| विगत २ बर्षमा देवघाट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को बिबरण खुलाउनुहोस | |

**२. हालको ब्यबसायिक बिबरणः**

| क्र.सं. | ब्यबसाय | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रबिधिको प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**३. क्रियाकलापको बिबरण**

| क्र.सं. | क्रियाकलापको बिबरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्ने लाग्ने अबधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले ब्यहोर्ने | माग गरिएको | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पुँजिगत तर्फ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| अन्य कार्यहरु | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४. कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धीहरुः

१.

२.

३.

४.

५.

५. बजार योजनाः

१.

२.

३.

६. नविनतम सोच र दिगोपनाः

**अनुसूची- ३**

**दफा ७(ग) सँग सम्बन्धित**

**भेरिफिकेशन चेक लिष्ट**

<u>अनुदान प्रस्तावनाको मुल्यांकनका लागि फिल्ड भेरिफिकेसन चेक लिस्ट</u>

फर्मको नामः ठेगानाः

प्रोपाईटरको नामः सम्पर्क नं.

**शैक्षिक योग्यता/तालिम लिए/नलिएकोः**

**१.५ कोभिड तथा अन्य क्षेत्रबाट प्रभावित भए/नभएकोः**

**२. वैदेशिक रोजगारीमा गए/नगएकोः**

गएको भए के के काम गरेको अनुभवः

**३. पालेको पशु संख्याः**

| | | | |
|---|---|---|---|
| ३.१ गाई | माउ संख्याः | साना पशुः | भाले संख्याः |
| ३.२ भैसी | माउ संख्याः | साना पशुः | भाले संख्याः |
| ३.३ बाखा | माउ संख्याः | साना पशुः | भाले संख्याः |
| ३.४ वंगुर | माउ संख्याः | साना पशुः | भाले संख्याः |
| ३.५ कुखुरा | माउ संख्याः | साना पशुः | भाले संख्याः |

**४. उत्पादन विवरणः**

४.१ दैनिक दूध उत्पादन लिटरः

४.२ दैनिक दूध विक्रि लिटरः

४.३ दुघ विक्री कहाँ गरिन्छ ?

४.४ बार्षिक खसी बोका बिक्रि संख्याः (के.जि.)

४.५ बार्षिक बंगुर विक्री संख्याः (के.जि.)

४.६ बार्षिक आम्दानि रु.

४.७ उत्पादनको ९०% भन्दा बढि बिक्री हुने गरे/नगरेकोः

४.८ बजार/बजारीकरणको सहजताः

४.९ लाभान्वित (रोजगारी) परिवार संख्याः

**५. खोर/गोठको संरचना/अवस्थाः**

- सामान्य/अर्ध-व्यवस्थित/व्यवस्थित
- बाटो............./पानी............./बिजुलीको अवस्था...........
- जग्गाको क्षेत्रफलः..........

मेशिनहरुको विवरणः

**६. प्रजनन् व्यवस्थानः**

६.१ प्राकृतिक/कृतिम गर्भाधानको अवस्थाः

**७. स्वास्थ्य व्यवस्थापनः**

७.१ संक्रामक रोग विरुद्ध खोप लगाउने गरे/नगरेको,के के खोप?

७.२ परिजिवी नियन्त्रण गरे/नगरेको, कति कति महिनामा?

७.३ जैविक सुरक्षा विधि अवलम्वन गरे/नगरेको,के के गरेको ?

**८. आहारा व्यवस्थापन**

८.१ निजी वा भाडाको जग्गामा घाँस खेति गरे/नगरेको

८.१.१ घाँस खेतिको अवस्थाः

८.२ साईलेज बनाएर खुवाउने गरे/नगरेको

८.३ उत्पादन लागत कम गर्न अपनाइएको विधि/प्रविधिहरुः

**९. अन्य व्यवस्थापनः**

९.१ गोठको सरसफाई अवस्थाःठिकै/सामान्य/उत्तम/अतिऊत्तम

९.२ साथै पशु विमा गरे/नगरेको ?

९.३ दूध दुहुने र बिक्रीका लागि स्टेलनेस स्टिलका भाँडा प्रयोग गरे/नगरेकोः

**१०. प्रस्तावना पेश गरेको कार्यक्रमकोः**

१०.१ नामः

१०.२ माग गरेको अनुदान पश्चात गरिने क्रियाकलापहरु

**११. यसअघि पशुपन्छीपालन सम्वन्धी अनुदान पाए/नपाएकोः**

पाएको भए के कार्यक्रममा पाएको ?

कति रकम पाएको ? रु.

कुन निकायबाट पाएको ?

१२. अनुगमनकर्ताले महशुस गरेका अन्य विषयहरु के के छन्, ?

..........................................................................................

..........................................................................................

| **अनुगमनकर्ताको नाम** | **पद** | **दस्तखत** | कृषक/प्रतिनिधिको |
|---|---|---|---|
| | | | नामः |
| | | | **दस्तखतः** |
| | | | फार्मको छापः |

## अनुसूचि- ४

**(दफा ७(ग) सँग सम्बन्धित)**

**कार्यक्रम छनौट तथा मूल्याङ्कन आधारहरु**

| क्र.सं. | विवरण | अंकभार विभाजन | अंकभार |
|---|---|---|---|
| १ | क) माउ गाई/भैंसीको संख्या | २ वटा सम्म को लागि ५<br>३ वटाको लागि १०<br>३ वटा भन्दा बढीको लागि १५ | १५ |
| | ख) माउ भेडा/बाख्राको संख्या | ५ वटाको सम्मको लागि ५<br>६-१० वटा सम्मको लागि १०<br>१० वटा भन्दा बढीको लागि १५ | |
| | ग) माउ बंगुर/सुंगुरको संख्या | ३ वटा सम्मको को लागि ५<br>४-८ वटा को लागि १०<br>८ वटा भन्दा बढीको लागि १५ | |
| २ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) | १:१.५ भन्दा बढी १०<br>१:१ भन्दा बढी देखी १:१.४९ सम्म ५ | १० |
| ३ | व्यवसायिक पशुपालन गरिने जग्गाको क्षेत्रफल | १ रोपनी भन्दा कमका लागि ३<br>१ रोपनी भन्दा बढीका लागि ५ | ५ |

| | | | |
|---|---|---|---|
| ४ | सम्बन्धित बिषयमा ७ दिन भन्दा बढी तालिम लिएको | क) ७ दिन वा सो भन्दा बढी अबधिको तालिम लिएको ५<br>ख) ७ दिन भन्दा कम अबधिको तालिम लिएको २ | ५ |
| ५ | अघिल्लो दुई(२) आ.ब. मा कुनै कार्यालयबाट अनुदान लिए/ नलिएको | नलिएको भए १०<br>उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको भए ५ | १० |
| ६ | लक्षित वर्ग | सिमान्तकृत १५, दलित र जनजाति १०, अन्य ५ | १५ |
| ७ | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा पशुपालन भएमा १०<br>ख) सहायक पेशा भएमा ५ | १० |
| ८ | फर्म दर्ता भएको भए | क) ३ बर्ष भन्दा बढी भएको १५<br>ख) १ बर्ष देखि ३ बर्ष भएको १०<br>ग) १ बर्ष भन्दा कम समयको ५ | १५ |
| ९ | आवश्यक कागजातहरुको संलग्नता | सबै कागजात हरु पुरा भएको ५<br>आंशिक कागजात संलग्न २ | ५ |

| | | | |
|---|---|---|---|
| १० | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता र रोजगारी सिर्जना | प्राविधिक फिल्ड भेरिफिकेसन आधारमा | १० |
| **जम्मा** | | | **१००** |

**अनुसूची-५**

**(दफा ७(घ) सँग सम्बन्धित)**

**गाई/भैंसीको गोठ सुधार कार्यक्रमका लगि सम्झौता पत्रको ढाँचा**

**सम्झौता पत्र**

श्री देवघाट गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा ( यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला देवघाट गाउँपालिका वडा नं ......स्थित ............................मा स्थापना भएको श्री ..................................मा स्थापना भएको श्री ................................................. फर्मका प्रोपराईटर ................................. (यस पछि दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. ............. को स्विकृत गाई/भैसीको गोठ सुधार कार्यक्रम देवघाट गाउँपालिका वडा नं. ............ मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधीनमा रही यो सम्झौता - पत्रमा हस्ताक्षर गरी लियौं / दियौं ।

तपसिलः

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२.पहिलो पक्षले नियमानुसार कर कट्टी गरी स्थापना वा मर्मत सुधार वा मर्मत सुधार गरेको खोर गोठमा कुल लागत मध्य बढीमा रु. ...................................................... अनुदान स्वरुप दोस्रो पक्षलाई उपलब्ध गराउने छ । अनुदान रकम वरावरको रकम व्यवसायी स्वयंले लगानी गरेको प्रष्ट हुने विल भरपाई पेश गर्नुपर्नेछ ।

३. खोर गोठ सुधार तथा मर्मतका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै संचालन गर्नुपर्नेछ ।

४. सम्झौता भएको मितिले ७ दिन भित्र खोर गोठ सुधारको कार्य शुरु गरिसक्नु पर्नेछ ।

५. दोस्रो पक्षले ..................................... भित्र गाउँ खोर सुधार तथा मर्मतको कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

६.काम सम्पन्न भए पश्चात दोस्रो पक्षले उल्लेखित कागजातहरु सहित गाउँ पालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति

ख) वडा स्तरीय अनुगमन समितिको प्रतिवेदन

ग) आवश्यक बिल भरपाई

घ) अनुदान कार्यक्रम संचालन भएको स्थान को फोटो ३ प्रति

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्मपन्न भएको निर्णयको प्रतिलिपि

च) कार्यसम्मपन्न भएको प्राविधिक प्रतिवेदन

छ) भुक्तानीको लागि निवेदन

छनौट भएका व्यवसायीले गर्न चाहेको मुख्य मुख्य कार्यहरु

| क्र. सं. | कामको बिबरण | लागत | सम्पन्न गर्ने मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| संस्थको नाम र छापः | संस्थको नाम र छापः |
| मितिः | मितिः |

रोहबरः

नाम,थरः

पदः

<u>आज्ञाले</u>
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत